# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नं. २६-२०८२/०८३

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।।

*(प्रथम पटक प्रकाशित मितिः- २०८२/०७/१२ गते)*

चन्द्रकोट गाउँपालिका गुल्मीका लागि देहाय अनुसार हुनेगरी निम्न सेवाको पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता भएका इच्छुक व्यक्तिले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको परिक्षा दस्तुर बुझाएको राजश्व रसिद सहित यस चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मीमा दरखास्त दिनका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

तपशिल

| क्र.सं. | बिज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०७-२०८२/०८३ | प्राविधिक सहायक (कृषि) | सहायक स्तर पाँचौं | करार | १ | ५०० |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा एस.एल.सि./टि.एस.एल.सी/एस.ई.ई. उत्तीर्ण गरी न्यूनतम तीन बर्ष अवधिको कृषि विषयको डिप्लोमा कोर्स वा जे.टि.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञान विषयमा १ बर्षे जे.टि. कोर्ष वा सो सरह उत्तीर्ण।

२. **उमेर :** १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको महिलाको हकमा ४० बर्ष ननाघेको।

३. **दरखास्त पाउने स्थान :** चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी वा वेवसाइट www.chandrakotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

४. **दरखास्त बुझाउने स्थान :** चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी।

५. **दरखास्त दिने अन्तिम मिति :** २०८२/०७/२६ गते कार्यालय समयभित्र।(दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)

६. **छनोटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता।

७. **लिखित परीक्षाको पाठ्यक्रमः** लुम्बिनी प्रदेश लोकसेवा आयोगको सम्बन्धित सेवा, तह र पदका लागि तयार पाठ्यक्रमबाट ३० वटा बहुबैकल्पिक प्रश्न सोधिनेछ।

८. **आवेदन तथा संलग्न कागजातहरु :-** कार्यालयले तयार गरेको आवेदन फारम रीतपूर्वक भरी आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

   क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

   ख. न्यूनतम शैक्षिक योग्यताको लब्धांक तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (माथिल्लो शैक्षिक योग्यता भएमा सो समेत पेश गर्न सकिने।)

   ग. अनुभव खुल्ने कागजात

९. **परीक्षा संचालन :** प्रारम्भिक योग्यताक्रमको सूची पछि प्रकाशन गरिनेछ।

१०. **सेवा सुविधा :** करार संझौता बमोजिम हुनेछ।

(प्रकाश चन्द्र शर्मा)
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

*थप जानकारीको लागि ९८५७०६७९२० वा ९८५७०६०९६३ मा सम्पर्क गर्न सकिनेछ।*